# श्री इन्द्रेश्वर
## बचत तथा ऋण सहकारी संस्था लि.

पनौती, काभ्रे

ऐक्यवद्धता लोगो

नेपाल

डि.स.का. काभ्रे द.नं.: १०३४/०६४
नेफस्कून स.नं.: ९९६/०६८
जिल्ला संघ स.नं.: ६०/०६४
जिल्ला स.संघ स. नं.: ३८८
स्थायी लेखा नं.: ३०३१२१६६६
ठेगाना: पनौती-७, काभ्रे
फोन नं.: ०११-४४०२१२
Email: indreshworcooperative@gmail.com
Website: www.indreshwor.coop.np

**SHREE INDRESHWOR SAVING AND CREDIT CO-OPERATIVE LTD.**


प.सं./च.नं.: २०८३/०८४/४३

मितिः २०८३/०६/०९

### संस्थागत धितो मूल्याङ्कनकर्ता नियुक्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना
### प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०९

यस श्री इन्द्रेश्वर बचत तथा ऋण सहकारी संस्था लि. को नाममा रहेका तथा संस्थाको ऋण लगानी प्रयोजनका लागि आवश्यक पर्ने चल/अचल सम्पत्ति तथा धितोको मूल्याङ्कन (Valuation) गर्नका लागि प्रचलित कानून, सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा संस्थाको विनियम/आन्तरिक कार्यविधि बमोजिम योग्य तथा इजाजतप्राप्त धितो मूल्याङ्कनकर्ता/मूल्याङ्कन फर्म नियुक्त गर्नुपर्ने भएकाले इच्छुक योग्य मूल्याङ्कनकर्ता/फर्महरूबाट देहायका शर्तहरूको अधीनमा रही दरखास्त आह्वान गरिएको छ।

**१. आवश्यक योग्यता**

इच्छुक मूल्याङ्कनकर्ता/फर्मले प्रचलित कानूनबमोजिम सम्बन्धित निकायबाट मूल्याङ्कन कार्य गर्न प्राप्त गरेको इजाजतपत्र/मान्यता प्राप्त गरेको हुनुपर्नेछ।

**२. दरखास्तसाथ पेश गर्नुपर्ने देहायका कागजातहरू प्रमाणित प्रतिलिपिसहित पेश गर्नुपर्नेछः**

- फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- मूल्याङ्कनकर्ता/सम्बन्धित इजाजतपत्र तथा प्रमाणपत्रको प्रतिलिपि।
- PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- चालु आर्थिक वर्षको नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
- प्रस्तावित मूल्याङ्कन शुल्क तथा सेवा शर्तको विवरण।
- संस्थासँग कुनै किसिमको स्वार्थ बाझिने अवस्था नरहेको स्वघोषणा।
- मूल्याङ्कन कार्यमा प्रचलित कानून तथा सम्बन्धित मापदण्ड पालना गर्ने प्रतिबद्धता पत्र।
- अन्य आवश्यक कागजातहरू।

**३. कार्यक्षेत्र**

- छनोट भएको मूल्याङ्कनकर्ता/फर्मले संस्थाले तोकेको आवश्यकता अनुसार देहायका कार्यहरू गर्नुपर्नेछ।
- जग्गा तथा भवनको स्थलगत निरीक्षण गरी वास्तविक अवस्था पहिचान गर्ने।
- जग्गा, भवन तथा अन्य स्वीकारयोग्य धितोको प्रचलित बजार मूल्य तथा उपयुक्त मूल्याङ्कन आधार निर्धारण गर्ने।
- आवश्यक कागजात, स्वामित्व, चारकिल्ला, क्षेत्रफल तथा अन्य सम्बन्धित विवरण जाँच गर्ने।
- संस्थाले तोकेको ढाँचामा स्पष्ट र विस्तृत मूल्याङ्कन प्रतिवेदन पेश गर्ने।
- आवश्यक परेमा संस्थालाई मूल्याङ्कन सम्बन्धी थप राय/स्पष्टीकरण उपलब्ध गराउने।
- मूल्याङ्कन गर्दा वास्तविक तथा यथार्थपरक मूल्य कायम गरी संस्थाको हितलाई ध्यानमा राख्ने।

# श्री इन्द्रेश्वर
## बचत तथा ऋण सहकारी संस्था लि.
पनौती, काभ्रे

ऐक्यवद्धता लोगो
नेपाल

डि.स.का. काभ्रे द.नं.: १०३४/०६४
नेफस्कून स.नं.: ९९६/०६८
जिल्ला संघ स.नं.: ६०/०६४
जिल्ला स.संघ स. नं.: ३८८
स्थायी लेखा नं.: ३०३१२१६६६
ठेगाना: पनौती-७, काभ्रे
फोन नं.: ०११-४४०२१२
Email: indreshworcooperative@gmail.com
Website: www.indreshwor.coop.np

**SHREE INDRESHWOR SAVING AND CREDIT CO-OPERATIVE LTD.**


प.सं./च.नं.: २०८३/०८४/४३

मिति: २०८३/०६/०९

**४. प्रस्तावित सेवा शुल्क**

मूल्याङ्कन कार्यका लागि लाग्ने सेवा शुल्क/पारिश्रमिक स्पष्ट रूपमा उल्लेख गरी आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ। शुल्कमा कर तथा अन्य लाग्ने खर्च समावेश भए/नभएको स्पष्ट खुलाउनुपर्नेछ।

**५. दरखास्त पेश गर्ने अन्तिम मिति**

यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र, अर्थात् २०८३/०६/१६ गते कार्यालय समयभित्र दरखास्त पेश गर्नुपर्नेछ।

**६. छनोट सम्बन्धी व्यवस्था**

प्राप्त प्रस्तावहरूको योग्यता, अनुभव, मूल्याङ्कन कार्यको क्षमता, सेवा शुल्क, कार्यसम्पादनको विश्वसनीयता तथा संस्थाको आवश्यकतालाई आधार मानी उपयुक्त मूल्याङ्कनकर्ता/फर्म छनोट गरिनेछ।

**७. अन्य शर्तहरू**

- अपूर्ण तथा म्याद नाघी प्राप्त भएका दरखास्तहरू उपर कुनै कारबाही गरिने छैन।
- पेश गरिएका कागजात तथा विवरण झुट्टा वा गलत प्रमाणित भएमा दरखास्त स्वतः रद्द गर्न सकिनेछ।
- मूल्याङ्कनकर्ता/फर्मले मूल्याङ्कन गर्दा प्रचलित कानून, सम्बन्धित मापदण्ड तथा संस्थाको स्वीकृत कार्यविधिको पालना गर्नुपर्नेछ।
- धितोको अस्वाभाविक, बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानि-नोक्सानी पुऱ्याउने कार्य स्वीकार्य हुने छैन। सहकारी ऐन, २०७४ ले यस्तो कार्यलाई कसूरको दायरामा राखेको छ।
- संस्थाले आवश्यक ठानेमा कुनै वा सबै प्रस्ताव स्वीकृत/अस्वीकृत गर्न सक्नेछ।
- छनोट भएका मूल्याङ्कनकर्ता/फर्मसँग संस्थाले आवश्यक सम्झौता गरी कार्यादेश प्रदान गर्नेछ।
- अन्य विषयहरू प्रचलित कानून, सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा संस्थाको विनियम/आन्तरिक कार्यविधिबमोजिम हुनेछ।

सुनिल स्याउला
प्रबन्धक